Admission Open !
For New session...
An institution Committed to 100% Success
B.P.S. +2 College
+2 MANAGEMENT, EDUCATION & LAW
Best college for your success.
For More Details :
BIRGUNJ PUBLIC E. SECONDARY SCHOOL
Ranighat-9, Birgunj, Parsa (Near the C.D.O. Office)
Ph. No. : 051-528008, 9821844948
E-mail : bpscollege.edu@gmail.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
प्रतीक
दैनिक
eprateekdaily.com


ENROLL now !
Admission Open
Class- XI
SCIENCE
COMMERCE
(CBSE)
"THE BEST LEARNING ENVIRONMENT FOR YOUR KID"
DAV R.B. KEDIA SCHOOL
PARWANIPUR, BIRGUNJ
TEL:- 051-591010, 525500, 9802909695
9802909697, 9845101522

❖ वर्ष ३४ ❖ २०७८ साउन २४ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 08 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३४१

बहुदरमाई पूर्ण खोप नगरपालिका घोषित

प्रस, पर्सागढी, २३ साउन/

बहुदरमाई नगरपालिका शनिवार पूर्ण खोप नगरपालिका घोषणा भएको छ।

तस्वीरः प्रतीक

वडा नं २ पिपरास्थित बहुदरमाई मन्दिरमा आयोजित कार्यक्रममा नगरप्रमुख नितेन्द्र साहले नगरपालिकालाई पूर्ण खोप नगरपालिका घोषणा गरेका थिए। सो अवसरमा उनले नगरपालिकाका नौवटै वडामा जन्मेदेखि २३ महीनाका बालबालिकालाई १३ थरीका विभिन्न खोप दिने कार्यमा संलग्न स्वयंसेविकाहरूलाई विशेष धन्यवाद दिए। उनले बालबालिकाहरूलाई आवश्यक सबैखाले खोप दिएर ती रोगमुक्त बनाउने प्रयास भएको बताए। नले पूर्ण खोप नगरपालिका घोषित भएपनि अबका दिनमा पनि नगरका बालबालिकाहरूलाई खोप लगाउने अभियानलाई निरन्तरता दिने प्रतिबद्धता जाहेर गरे।

घोषणा कार्यक्रममा उपप्रमुख गायत्रीदेवी यादव, राजनीतिक सल्लाहकार राजदेव साह, निमित्त प्रशासकीय अधिकृत विदुर उप्रेती, लेखापाल हरि पटेल, महिला तथा बालबालिका अधिकृत पार्वती पौडेल, स्वास्थ्य प्रमुख वीरेन्द्र साह, स्वास्थ्य कार्यालय पर्साका खोप अधिकृत पशुपति यादव, प्रदीप गिरी, वडाध्यक्ष प्रमोद यादव, केदार तिवारी, लालबाबू साह, हरेराम साहलगायतको सहभागिता थियो।

रौतहटमा साताव्यापी मास्क वितरण अभियान

प्रस, रौतहट, २३ साउन/

गौरमा साताव्यापी मास्क वितरण अभियान शनिवारदेखि शुरू गरिएको छ।

तस्वीरः प्रतीक

गौर नपा–३ विपी चोकमा स्वास्थ्य कार्यालय र जिप्रका रौतहटको संयुक्त आयोजनामा नेपाल मास्क अभियान अन्तर्गत आजदेखि साताव्यापी मास्क वितरण अभियान शुरू भएको हो।

सडकपेटीमा मास्क नलगाएर हिंड्नेहरूलाई मास्क वितरण गरिएको थियो। अभियान अन्तर्गत तपाईंको मास्क खोइ, मास्क लगाऔं, सेनिटराइजरको प्रयोग गरौं भन्ने नारा लगाइएको थियो।

जिल्ला समन्वय समिति रौतहटका सभापति रामएकबाल राय यादवको अध्यक्षतामा भएको कार्यक्रममा गौर नपाका प्रमुख अजयकुमार गुप्ता, प्रजिअ इन्द्रदेव यादव, प्रमुख सेनानी राजन दाहाल, प्रहरी उपरीक्षक सिद्धिविक्रम शाह, सशस्त्र प्रहरी उपरीक्षक सूर्यबहादुर सेन ओली, स्वास्थ्य कार्यालय रौतहटका प्रमुख दीपेन्द्रकुमार रायसमेत राजनीतिकर्मी, पत्रकार, समाजसेवी, बुद्धिजीवी, कर्मचारी, सुरक्षाकर्मीहरूको सहभागिता थियो।

आज पहिलो दिन १५० जनालाई मास्क वितरण गरिएको थियो। कार्यक्रममा प्रजिअ यादवले साताव्यापी अभियानपछि मास्क नलगाउनेहरूलाई पटके सय रुपैया जरिवाना गरिने बताए। उनले स्वास्थ्य अध्यादेश बमोजिम एक सातापछि मास्क नलगाउनेहरूलाई पटके सय रुपैयाँ जरिवाना हुने बताए।

रौतहटमा पछिल्लो र दोस्रो चरणका कोरोना सङ्क्रमणमा ११८ जनाको मृत्यु भएको थियो भने अहिले ४८ जना सक्रिय सङ्क्रमित रहेका छन्।

जगरनाथपुर गाउँपालिकाको गाउँसभा सम्पन्न

प्रस, सेढवा, २३ साउन/

जगरनाथपुर गाउँपालिकाले चालू आर्थिक वर्ष २०७८/७९ को गाउँसभा शनिवार सम्पन्न गरेको छ।

असार १० गते सम्पन्न गर्नुपर्ने गाउँसभा झन्डै डेढ महीनापछि आज सम्पन्न भएको हो।

शिक्षा शाखा प्रमुख नरेश महतो कोइरीले चालू आवको लागि ४० करोड ५ लाख ४६ हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेका थिए। उनले सामाजिक सुरक्षा कोषमा ७ करोड, सङ्घीय सरकार वित्तीय समानीकरणतर्फबाट ११ करोड ६८ लाख, प्रदेश सरकार वित्तीय समानीकरणतर्फबाट ७९ लाख ८२ हजार, विशेष अनुदान प्रदेशबाट ३० लाख, समपूरक अनुदान २० लाख, आन्तरिक अनुदान ६ करोड तथा गरीब उत्थानबाट ५ लाख ४६ हजार रुपैयाँ गरी रु ४० करोड ५ लाख र ५६ हजारको बजेट प्रस्तुत गरेका थिए।

गापा अध्यक्ष जालिम मियाँले पालिकाको विकासका लागि प्रदेश तथा सङ्घ सरकारसँग समन्वय गरी अगाडि बढिरहेको बताए। उनले शिक्षा, स्वास्थ्यमा पहुँच, सडक निर्माण, खेलकूदको विकास, सचेत नागरिक निर्माणका लागि युवामा लगानीलगायतका कार्यक्रम प्रमुखतामा रहने बताए। उनले आफ्नो कार्यकालमा गापामा ७० प्रतिशतसम्म सडक निर्माण भएको र थप निर्माणको क्रममा रहेको दाबी गरे।

तस्वीरः प्रतीक
श्री जगरनाथपुर गाउँपालिकाको
आर्थिक वर्ष २०७८/०७९ को लागि
छैठौ गाउँ सभा
आयोजक
श्री जगरनाथपुर गाउँपालिका
जगरनाथपुर, पर्सा

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले जिल्लाका अन्य पालिकाभन्दा जगरनाथपुर गापामा बढी राजनीति हुने गरेको बताए। उनले सबैजसो कुरामा राजनीति गर्न नहुने सुझावसहित विकास निर्माण कार्यमा जनप्रतिनिधिहरूलाई एकजुट भएर अगाडि बढ्न आग्रह गरे।

गाउँसभामा उपाध्यक्ष बिस्मिल्लाह खातुन, वडाध्यक्षहरू प्रभु पटेल, नगिना यादवलगायत अनुपस्थित थिए।

यसैगरी, गाउँसभामा सहभागी ३७ जना पत्रकारलाई गम्छा, ब्याग र स्वास्थ्य सामग्रीसहित सम्मान गरिएको थियो।

रू ३५ हजार राशिको
सुबोध
स्मृति
पुरस्कार
२०७८
वीरगंजबाट प्रकाशित पत्रिकामा छापिएका फोटो र बायोडाटासहित साउन २४ गतेसम्म प्रतीक दैनिकको कार्यालयमा बुझाउन सबै फोटोपत्रकारलाई सूचित गरिन्छ।
इमेलः prateekdaily@gmail.com
अनलाइनः eprateekdaily.com
फेसबूकः facebook.com/prateekdainik
आयोजकः
प्रतीक

विद्यालयलाई नपाले बजेट नपठाउँदा रकम फ्रिज

प्रस, परवानीपुर, २३ साउन/

पर्साको बहुदरमाई नगरपालिका–८ स्थित देवनन्दन देवराज माविको गत आव २०७७/७८ मा डेढ करोड रुपैयाँको बजेट फ्रिज भएको छ। नगरपालिकाले बजेट निकासा नगर्दा भवन निर्माण तथा शैक्षिक एवं व्यवथापकीय शीर्षकमा खर्च हुने डेढ करोड बजेट फ्रिज भएको हो। उक्त विद्यालय नमूना विद्यालय अन्तर्गत परेको र सो विद्यालयमा सङ्घ सरकारको शिक्षा विभागले पाँच वर्षभित्र रु २२ करोडको भौतिक संरचना तथा शैक्षिक व्यवस्थापन गर्नुपर्नेछ।

जस अन्तर्गत पछिल्लो तीन वर्षदेखि विभागले बजेट स्थानीय सरकारको रूपमा रहेको नगरपालिकालाई पठाइरहेको छ। तर २०७५/७६ र २०७६/७७ मा गरी भौतिक पूर्वाधार अन्तर्गत रु तीन करोड बजेट आएको थियो। तर गत आवमा नगरपालिकाले विद्यालय व्यवस्थापन समिति गठन नभएको कारण देखाउँदै बजेट नपठाएपछि फ्रिज भएको हो। तर विद्यालयका प्रधानाध्यापक मनोजकुमार श्रीवास्तवले बजेट पठाउने नपठाउने नगरपालिकाको अधिकार क्षेत्रमा नरहेको र सो बजेट निकासा नगर्दा फ्रिज भएको बताए। विद्यालयको त्यत्रो बजेट फ्रिज भएपछि स्थानीय अभिभावक तथा बुद्धिजीवीहरू आक्रोशित छन्। सोही क्रममा शनिवार विद्यालय परिसरमा अभिभावक भेला भएको थियो। भेलामा आगामी भदौ मसान्तभित्र अभिभावक भेला गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने सहमति भएको छ।

भेलामा सहभागी अभिभावकहरू। तस्वीरः प्रतीक

भेलामा अभिभावकहरूले बहुदरमाई नपा वडा नं ८ का अध्यक्ष पुनिलाल साह र नगरप्रमुख नितेन्द्र साह तेलीको बेवास्ताका कारण विद्यालयको बजेट फ्रिज भएर विद्यालय बेवारिसे बन्दै गएको आरोप लगाए।

साढे ८ सय विद्यार्थी अध्ययनरत विद्यालयमा जम्मा १० जना शिक्षक छन्। शिक्षक भर्नाको लागि पनि नपाले खासै चासो दिने गरेको छैन। एकजना शिक्षकको गैरकानूनीरूपमा अन्य विद्यालयमा सरुवा भएको घटना पनि सार्वजनिक भएको छ।

तीन वर्षअघि बाँड्नको लागि पाएको ३० वटा साइकल पनि विद्यालयले नगरपालिकाबाट नपाएको अभिभावकहरूले गुनासो गर्दै उक्त साइकल यथाशीघ्र नपाले उपलब्ध गराउनुपर्ने माग गरेका छन्।

भदौ मसान्तभित्र अभिभावक भेलाबाट विव्यस गठन गरेर विद्यालयको चौतर्फी विकासतर्फ गर्न अभिभावाकहरूले दबाब दिएका छन्। भेलामा पूर्व विव्यसका अध्यक्ष रामनरेश यादव, नरेश यादव, बृजकिशोर पटेल, मनोज सहनी, रवि साह, रामपूजन पटेललगायतले मन्तव्य राखेका थिए।

समय समयमे साबुन पानीसे अच्छासे मलमलके हात धायैके आ सेनिटाइजर हातमे लगावैके। केकरोसे मिलजाइके समय हात नमिलाबैके। मात्र प्रणाम आ नमस्कार करेके।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

विचारसार र सूक्तिहरू

धन भएर पनि कहिल्यै पुरानो र मैलो वस्त्र धारण नगरौं।

– मनुस्मृति

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

षट्चक्रका गुह्य ज्ञान

ज्योतिषशास्त्रबाट हामीले ग्रह–नक्षत्रको परिचय र हाम्रो जीवनमा पर्ने त्यसको प्रभावको ज्ञान हुन्छ तर यी ग्रह–नक्षत्रको सन्दर्भमा विशेष कुरा यो हो कि यी ग्रहको हाम्रो शरीरसँग सूक्ष्म सम्बन्ध हुन्छ, यसै कारण यसले हाम्रो जीवन र व्यक्तित्वलाई प्रभावित गर्छ।

हाम्रो शरीरमा ग्रहसँग सम्बन्ध सूत्र स्थापित गर्ने माध्यम बन्छ– हाम्रो सूक्ष्म शरीरमा स्थित चक्र। यी चक्रमा ऊर्जा हुन्छ। यदि यो ऊर्जा स्वस्थ, सकारात्मक र क्रियाशील हुन्छ भने यसको सकारात्मक लाभ व्यक्तिले प्राप्त गर्छ तर यदि यी चक्रमा स्थित ऊर्जा दूषित, नकारात्मक र अवरुद्ध हुन्छ भने यसबाट व्यक्तिको व्यक्तित्व प्रभावित हुनुका साथसाथै ऊ यससँग सम्बन्धित रोगबाट पनि ग्रसित हुन पुग्छ।

प्राण–ऊर्जा चिकित्सा एउटा यस्तो माध्यम हो, जसद्वारा रोगीलाई स्पर्श नगरेर उसको सूक्ष्म शरीरमा स्थित चक्रको दूषित ऊर्जालाई हटाएर उसलाई स्वस्थ ऊर्जाबाट ऊर्जान्वित गरिन्छ र त्यस ऊर्जालाई स्थिर गरिन्छ। वर्तमानमा यस्तो प्रविधि विकसित भइसकेको छ, जसको माध्यमबाट हाम्रो ऊर्जा शरीरको प्रतिविम्ब पनि लिन सकिन्छ र आफ्नो शरीरमा प्रवाहित हुने ऊर्जाको स्वरूप र आकार–प्रकार पनि हेर्न सकिन्छ।

शरीरमा स्थित चक्रको ऊर्जालाई यदि जाग्रत गरिन्छ भने व्यक्ति विभूति र सिद्धिबाट सम्पन्न हुन्छ, यसको लागि प्रायः व्यक्ति साधना गर्छ, तपस्या गर्छ। अनेकौं साधु–तपस्वी र ऋषि–मुनि साधनाको माध्यमबाट यो प्रयास गर्छन्। सामान्य व्यक्तिले पनि आफ्नो सूक्ष्म शरीरमा स्थित चक्रको ऊर्जाको सामान्य लाभ पाउन सक्छ र आफ्नो जीवनमा विशेष ढङ्गबाट अगाडि बढ्न सक्छ, तर सबैभन्दा पहिले हामीले यी चक्रको बारेमा जान्न जरुरी छ।

हाम्रो शरीरमा त्यसो त कैयौं सूक्ष्म चक्र हुन्छन्, तर विशेषरूपले कुल छवटा चक्र हुन्छन्। योगको भाषामा यसलाई षट्चक्र भनिन्छ– (१) मूलाधार चक्र (२) स्वाधिष्ठान चक्र, (३) मणिपुर चक्र, (४) अनाहत चक्र, (५) विशुद्धि चक्र एवं (६) आज्ञा चक्र। यी षट्चक्र जाग्रत भएपछि व्यक्तिलाई सहस्रार चक्र जाग्रत हुन्छ। षट्चक्रको कुरा यस कारण भनिएको हो कि हाम्रो स्थूल शरीरको सीमा रेखा आज्ञा चक्रसम्म सीमित छ र सहस्रार चक्र जागेपछि व्यक्ति शरीरको दायराबाट पार जान्छ। यसैले हाम्रो स्थूल जीवन मुख्यरूपले षट्चक्रको दायरामा रहन्छ।

हाम्रो सूक्ष्म शरीरमा स्थित हरेक चक्रमा विशेष प्रकारको ऊर्जा सुप्तरूपमा निहित हुन्छ र हरेक चक्र कुनै एउटा ग्रहबाट सञ्चालित हुन्छ। जुन ग्रह हाम्रो जन्मपत्रिकामा कमजोर हुन्छ, त्यस ग्रहसँग जोडिएको चक्र पनि कमजोर हुन्छ र त्यस चक्रद्वारा सञ्चालित विषय पनि हाम्रो जीवनमा कमजोर हुन्छ।

उदाहरणको लागि– मूलाधार चक्र मानव शरीरमा गुदानजीक हुन्छ र शरीरको यो अङ्गले नै पूरै शरीरलाई सम्हाल्छ। यस चक्रको स्वामी शनि ग्रह र यसको दुवै राशि मकर र कुम्भ हुन्। यदि कुनै व्यक्तिको शनि ग्रह र यसका दुवै राशि पीडित छन् भने यस चक्रको माध्यमबाट उसको शरीरमा रोग उत्पन्न हुन्छ। यस चक्रको वर्ण रक्त हो र यसका चार वर्ण दल यानी – 'व स श ष' हुन्। यस चक्रमा मुख्यतः श्री गणेशको स्थापना मानिएको छ।

स्वाधिष्ठान चक्रको स्थान व्यक्तिको शरीरमा लिङ्गको नजीक हुन्छ। यसको स्वामी बृहस्पति र यसको राशि धनु र मीन हुन्। बृहस्पति सन्तानकारक ग्रह हो, यसैले सन्तानको उत्पत्तिमा यस चक्रको विशेष भूमिका रहन्छ। यदि कुनै व्यक्ति बृहस्पति ग्रह वा धनु–मीन राशिबाट पीडित हुन्छ भने उसलाई यस चक्रसम्बन्धी समस्या हुन्छ। यस चक्रको अधिष्ठात्र देव भगवान् विष्णु हुन्।

मणिपुर चक्रको स्थान शरीरको नाइटोनजीक हुन्छ र यस चक्रको स्वामी मङ्गल र त्यसको राशि मेष र वृश्चिक हुन्। यस चक्रबाट शरीरले अग्नि प्राप्त गर्छ तथा भोजनको पाचनक्रिया यसै चक्रमा निर्भर गर्छ। मङ्गल ग्रह वा मेष–वृश्चिक राशिबाट पीडित भएपछि व्यक्तिको नाइटो प्रायः आफ्नो स्थानबाट हट्छ र यसको कारण पाचनक्रिया खराब हुन्छ। यस चक्रको अधिष्ठात्र देव हनुमान हुन्।

अनाहत चक्रको स्थान हृदयको नजीक हुन्छ र यसको स्वामी शुक्र ग्रह र यसको राशि वृषभ र तुला हुन्। शुक्र प्रेमकारक ग्रह हो, यदि कुनै व्यक्तिको शुक्र ग्रह र यसका राशि पीडित छन् भने यस चक्रको माध्यमबाट हृदयरोग उत्पन्न हुन्छ र यस्ता व्यक्ति बढी तनावग्रस्त देखिन्छ। यस चक्रको अधिष्ठात्री देवी लक्ष्मी हुन्।

विशुद्धि चक्र कण्ठमा स्थित हुन्छ। यस चक्रको स्वामी बुध ग्रह र यसको राशि मिथुन र कन्या हुन्। बुध वाणीकारक ग्रह हो। यदि कुनै व्यक्तिको बुध ग्रह र त्यसका राशि पीडित छन् भने उसलाई कण्ठको साथसाथै वाणी दोष पनि लाग्छ। यस चक्रको अधिष्ठात्री देवी सरस्वती हुन्। यसैले कुनै पनि प्रकारका सङ्गीत, गायन, कला आदिमा माता सरस्वतीको आराधना गरिन्छ।

आज्ञा चक्र शरीरको मस्तिष्कको दुवै आँखीभौंको बीचमा स्थित हुन्छ। यस चक्रको स्वामी सूर्य र चन्द्रमा हुन् र राशि कर्क र सिंह हुन्। यदि कुनै व्यक्ति सूर्य ग्रहबाट पीडित छ भने उसको टाढा हेर्ने क्षमता प्रभावित हुन्छ र यदि चन्द्रमाबाट पीडित छ भने उसको नजीकको दृष्टि प्रभावित हुन्छ। यदि सूर्य र चन्द्रमा दुवै पीडित छन् भने उसलाई नेत्ररोगको साथसाथै मस्तिष्करोग पनि उत्पन्न हुन्छ। यस चक्रको स्वामी देवता शिव र पार्वती हुन्।

सहस्रार चक्रको स्थान टाउकोको सबैभन्दा माथिको भागलाई मानिएको छ। यस चक्रमा व्यक्तिको प्रवेश भएपछि उसले समाधि प्राप्त गर्छ, यस्ता व्यक्ति जीवनमुक्त अवस्थामा रहन्छ र परमेश्वरबाट उसको सतत सम्पर्क रहन्छ।

यसै प्रकार शरीरमा स्थित चक्र–ग्रह, नक्षत्र र राशिका माध्यमबाट हाम्रो शरीर र मनलाई प्रभावित गर्छ, तर यी चक्रमा प्रवाहित हुने प्राण–ऊर्जालाई आसन, प्राणायाम, ध्यान र अन्य विधिको माध्यमबाट सन्तुलित गरेर हामी आफ्नो शरीर र मनलाई स्वस्थ राख्न सक्छौं।

यसै प्रकार शरीरमा स्थित चक्र–ग्रह, नक्षत्र र राशिका माध्यमबाट हाम्रो शरीर र मनलाई प्रभावित गर्छ, तर यी चक्रमा प्रवाहित हुने प्राण–ऊर्जालाई आसन, प्राणायाम, ध्यान र अन्य विधिको माध्यमबाट सन्तुलित गरेर हामी आफ्नो शरीर र मनलाई स्वस्थ राख्न सक्छौं।

ओलीको असफलता देउवालाई अवसर

समयान्तर

ओमप्रकाश खनाल

omkhanal@gmail.com

जहाँ अभावैअभाव छ, जहाँ केही पनि भएको छैन। त्यहाँ थोरै गरे पनि धेरै देखिन्छ। अघिल्लो शासकको कमजोरी नयाँ आउनेका लागि अवसर बन्न सक्दछ। यस्तै, अवसर लिएर शेरबहादुर देउवा सत्तामा उक्लिएका छन्। केपी ओली दुई तिहाइ बहुमतको शक्तिशाली प्रधानमन्त्रीको रूपमा सत्ताको बागडोर समात्न पुग्दा देउवाले सोचेका पनि थिएनन् होला, प्रतिपक्षमा बस्ने जनादेश पाएको काङ्ग्रेसले यति चाँडै सकारको नेतृत्वको असर पाउला भनेर।

आन्तरिक विग्रहका उपक्रमहरूमा रुमलिएर ओली सरकार ढल्दा शेरबहादुर सत्ताको उच्चासनमा मात्र पुगेनन्, ओली कार्यकालमा मौलाएका बेथिति र पतनका पहेलीहरू देउवाका लागि वरदान बनेका छन्। तर त्यसको उपयोग कसरी गर्ने ? त्यो नै देउवाका दक्षताको कसी हुनेछ। चौतर्फी भ्रष्टाचार, असन्तोष, शासकप्रति जनताको निराशा (सत्ताको आडमा स्वार्थको दुनो सोझ्याउन पल्किएका सीमित पात्र र प्रवृत्तिबाहेक) प्रवाह भइराख्दा सत्तागमन गरेका देउवाले अब ठूलो चमत्कार गरिरहनुपर्दैन। प्रकारान्तरले यो ओलीले देउवाका लागि तयार पारिदिएको सहजता पनि हो।

ओलीले आफ्नो कार्यकाललाई सपनाको निरर्थक पुलिन्दा बढी बनाए भनिराख्दा देउवा अब्बल पक्कै होइनन्। तुलना नै गर्ने हो भने समकालीन राजनीतिमा देउवा ओलीभन्दा कम विवादित पात्र होइनन्। फरक यत्ति हो कि आग्रह र स्वार्थको प्रकृति मात्र फरक छ। प्रवृत्ति भने उस्तैउस्तै हो। यस अर्थमा ओलीले बालुवाटारबाट बालकोटको यात्रा तय गरिराख्दा देउवाको आगमनले सबै बेथिति सही बाटोमा आउँछन् र जनताभित्र गुम्सिएका निराशाहरू छुमन्तर भइहाल्छन् भन्ने अपेक्षा कम्तीमा राजनीतिप्रति सचेत मानिसले राखेको छैन। देउवाका सन्दर्भमा पनि उनको आसपासमा रमाउनेहरूको कोटरी अति उत्साहित हुन सक्दछ। आमरूपमा देउवाको सत्तामा पाँचौं पुनरागमनप्रति उत्साहित हुनुपर्ने कारण भने छैन। शेरबहादुरका विगतका कार्यकाल उनको प्रधानमन्त्री पद ग्रहणको सङ्ख्या थप्नेबाहेक जनताको पक्षमा उल्लेख्य मान्न सकिएको छैन। लोकतन्त्रलाई दरबारमा बुझाउनेदेखि कमजोर सुशासन देउवाका खराब प्रदर्शनको रूपमा दर्ज भएकै विषय हुन्।

ओलीले पहिलो कार्यकालमा देखाएको राष्ट्रवादी छवि र दोस्रो कार्यकालमा बलियो बहुमतसहित सत्तामा उक्लिएपछि उनीबाट जुनस्तरको अपेक्षा राखिएको थियो, ओली सरकार सपनाका तानाबाना र उट्पटचाङ हर्कतमा मात्र अग्रसर देखियो। यतिसम्म कि पार्टीभित्रको झगडामा विरोधीलाई स्वाद चखाउन संविधानमाथि निरन्तर प्रहार गरिराखे। विगत सरकारका बेथिति (त्यस समय सत्ताको बाढी नेतृत्व गर्ने पनि काङ्ग्रेस नै थियो। शेरबहादुर त चारपटक प्रधानमन्त्री भइसकेका थिए।)बाट आजित जनताले ओली सरकारबाट अलि बढी नै अपेक्षा पालेका थिए।

जसप्रति अपेक्षा बढी हुन्छ, ती अपेक्षाविपरीत सत्ता सञ्चालक भ्रष्टाचार, राष्ट्रिय स्रोतको दुरुपयोग र विधि मिच्ने काममा अग्रसर हुन्छ भने असन्तुष्टि पनि बढी नै हुन्छ। ओली र उनी आसपासका पात्रहरूको मैमत्त शैलीबाट आजित समसामयिक राजनीतिले देउवालाई बाध्यतावश स्वीकार गरेको मात्रै हो। देउवा ओलीभन्दा अब्बल त कुनै कोणबाट पनि छैनन्।

तात्पर्य, केपी ओलीमा सवार अराजक शैलीलाई ठेगानमा ल्याउन देउवालाई विकल्पको रूपमा अघि बढाइएको हो। शेरबहादुर ओली प्रवृत्तिलाई पराजित गर्ने साधन मात्र हुन्, देश र जनपक्षीय साध्य भने होइनन्। लोकतन्त्रमा बहुमतले सरकार चलाउँछ। प्रतिपक्षले सत्तालाई खबरदारी गर्दछ। सत्तापक्षलाई अप्ठेरोमा पारेर आफ्नो सत्ता निर्माणको विपक्षी प्रयत्न पनि लोकतान्त्रिक विशेषताभित्रै पर्ने कुरा हो।

तर सत्ता केका लागि ? नेपालीको विडम्बना के भने आजसम्मका कुनै पनि शासकको उद्देश्य सत्ता मात्रै भयो, सत्ताको उद्देश्यमा लोककल्याण कहिल्यै पर्न सकेन। लोककल्याणकारी राज्य त सिद्धान्तमा सीमित किताबी वस्तु मात्र भयो। सत्तामा जानु भनेको शासन गर्नु होइन, जनहितमुखी शासन लोकतन्त्रको मान्यता हो। यहाँ त सत्ता नेता र तिनका आसेपासेहरूको स्वार्थ सोझ्याउने औजार मात्र बढी भयो।

अतः शेरबहादुर देउवालाई यतिखेर अप्रत्याशित प्राप्त यो पद आफ्नो विगत छवि सुधार्ने अवसर हो। शेरबहादुरको दक्षताका कारण होइन, ओलीले बढावा दिएको बेथितिले उनलाई अवसरको मैदान निर्माण गरिदिएको छ। अब यो मैदानमा कुशल प्रदर्शन गर्ने कि हिले आहाल बनाएर आफू पनि फेरि त्यसैमा डुबुल्की मार्ने त्यो भने शेरबहादुर देउवाकै छनोटको विषय हो।

माथि उल्लेख भइसक्यो, केही नभएको ठाउँमा थोरै काम गरेर देखाए पनि त्यो जनताको मन जित्न पर्याप्त हुन सक्दछ। केपी ओली प्रधानमन्त्रीको कुर्सीमा उक्लिंदा आर्थिक विकासले गति लिने मात्र होइन, फड्को मार्ने अपेक्षा थियो। राजनीतिक सङ्क्रमणलाई किनारा लगाएर बलियो बहुमतसहितको सरकारलाई काम गर्नबाट रोकिनुपर्ने कुनै कारण थिएन। प्रतिपक्षमा रहेको काङ्ग्रेस निरीह छाया मात्रै थियो। त्यतिखेर ओलीको सफलता र वाहवाहीका अगाडि प्रतिपक्षको बोली दबिएको थियो। मानौं, संसद्मा प्रतिपक्ष भन्ने नै छैन। छोटै समयान्तरमा केपी ओलीको शैली देश र जनताको लागि नभएर सीमित व्यापारी, माफिया र भ्रष्टहरूको संरक्षकको भूमिकामा प्रस्ट हुन थाल्यो। वास्तविकता होइन, उट्पटचाङ र कुतर्क ओलीको पर्यायको रूपमा स्थापित भयो। दुई तिहाइ बहुमतको दम्भले ओलीलाई यति अहङ्कारी बनायो कि संसारमा म मात्रै ज्ञानी अरू सबै अबुझ भन्ने मनोग्रन्थिले ओलीको कदलाई धराशयी बनायो। ओलीलाई प्रधानमन्त्रीको रूपमा होइन एउटा सचेत जनताले चटकेको रूपमा ग्रहण गर्न थाल्यो।

उनको अस्वाभाविक हर्कत यतिमा सीमित भएन, आफूलाई विधि र विधानभन्दा माथि ठान्ने घृष्टता ओलीमा पलायो। परिणाम, एक समय दुई तिहाइ जनादेशको साथ पाएका ओली अदालतको परमादेशबाट बालकोटको बाटो नाप्ने परिणतिमा पुगे। बालुवाटार छोड्नुपर्दाका पीडा बालकोटको बार्दलीबाट सहकर्मीहरूविरुद्ध खन्याए। बार्दलीबाट माधवकुमार नेपालहरूमाथि आक्रोश पोखिराख्दा कार्यकर्ताले बजाएको ताली र होहल्लाले ओलीलाई क्षणिक तुष्टि त मिल्यो होला, तर उनी एक लाचार, निरीह र दण्डित पात्रबाहेक अन्य केही पनि लाग्दैनथे।

यतिखेर शेरबहादुरले जनताको मन जित्न धेरै केही गर्नै पर्दैन। संविधानतः अब आवधिक निर्वाचनसम्म शेरबहादुर देउवाकै हातमा सत्ताको बागडोर रहने देखिन्छ। यो देउवाका लागि आफ्नो विगत प्रवृत्तिको दोष मेटाउने र नेपाली काङ्ग्रेसलाई पुरानो लयमा फर्काउने एउटा अहम् अवसर हो। ओली कार्यकालका बेथितिलाई सही ठाउँमा ल्याए मात्रै भने पनि त्यो देउवाका निम्ति पर्याप्त हुन्छ। नवनियुक्त ऊर्जामन्त्रीले आमजनतालाई विद्युत् महशूलमा छुट दिने कुरा उठाउनु र अर्थमन्त्रीले सर्वसाधारणलाई करमा सहुलियतदेखि निजी क्षेत्रमैत्री नीतिको विषयमा आफू गम्भीर भएको बताउनुले सरकारले जनमुखी काम गर्न खोजेको हो कि भन्ने परेको छ। तर प्रतिबद्धता र भाषणलाई कार्यान्वयनमा रूपान्तरण नगरिएसम्म यसमा ढुक्क हुन सकिन्न।

ओली सत्तामा जाँदा जनताका अपेक्षा फरक थिए। यसबीचमा बदलिएको परिदृश्य र सङ्कटका अवयवहरूले आवश्यकता पनि फेरिएका छन्। अहिलेको अर्थ–सामाजिक दैनिकीको मुख्य सरोकार कोरोना महामारीबाट निकास नै हो। पहिलो र दोस्रो लहरमा ओली सरकारले जनस्वास्थ्यप्रति देखाएको लापरवाहीको पुनरावृत्ति अब हुनुहुँदैन। ओलीले केही गर्न नसके पनि कम्तीमा कोरोना उपचारको गतिलो प्रबन्ध (अक्सिजन र भेन्टिलेटर नपाएर ज्यान जाने अवस्थाको अन्त्य) र सबै नागरिकलाई कोरोनाविरुद्धको खोपको व्यवस्था गरिदिएको भए वाहवाही पाउने थिए। सत्तामा आफ्नो आगमनलाई प्रतिगमनको हार ठानेको देउवा नेतृत्वले अब जनस्वास्थ्यमा अग्रगमनको प्रत्याभूति दिनुपर्दछ। सरकारले खोप आपूर्तिमा देखाएको सक्रियताले यसलाई सङ्केत गरेको पनि छ। तर यो पर्याप्त छैन। चैतभित्र सबै नागरिकलाई खोप लगाउने भनिएको छ, भर पर्ने आधार देखा परेको छैन। सरकारले यसको सुनिश्चितता गर्नुपर्दछ।

सत्तामा आफ्नो आगमनलाई प्रतिगमनको हार ठानेको देउवा नेतृत्वले अब जनस्वास्थ्यमा अग्रगमनको प्रत्याभूति दिनुपर्दछ। सरकारले खोप आपूर्तिमा देखाएको सक्रियताले यसलाई सङ्केत गरेको पनि छ। तर यो पर्याप्त छैन। चैतभित्र सबै नागरिकलाई खोप लगाउने भनिएको छ, भर पर्ने आधार देखा परेको छैन।

किवानिज क्लबको पदभार ग्रहण

प्रस, निजगढ, २३ साउन/

निजगढमा अन्तर्राष्ट्रिय मान्यताप्राप्त किवानिज क्लबको शनिवार पदभार ग्रहण कार्यक्रम सम्पन्न भएको छ।

क्लबको अध्यक्ष विनोदकुमार भारती, अध्यक्षमा निर्वाचित दीपेन्द्र श्रेष्ठ, सचिव पवन श्रेष्ठ, कोषाध्यक्ष गङ्गाप्रसाद उप्रेतीसमेत २१ सदस्यीय कार्यसमिति रहेको छ।

तस्वीरः प्रतीक

शपथग्रहण कार्यक्रमपछि अध्यक्ष भारतीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लबका गभर्नर मोहन लम्सालले इन्टरनेशनल मान्यताप्राप्त क्लब रहेको बताउँदै स्थापनाकालदेखि विश्वभरि बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको र नेपालमा पनि सोही उद्देश्यका साथ कार्य भइरहेको बताए। उनले पहिलो विश्वयुद्धको बेला क्लब गठन भएको र हाल विश्वभरि यसका ८ हजार ६३० वटा शाखा रहेको बताए। उनले क्लबको विस्तार अन्य राष्ट्रमा हुने क्रम जारी नै रहेको बताए।

कार्यक्रममा किवानिज इन्टरनेशनलका भरत ढुङ्गेल, मास्टर ट्रेनर सञ्जीव पाण्डे, पत्रकार गोकुल घोरसाइने, युथ अफ निजगढका अध्यक्ष इराज कोइराला, समाजसेवी बेनीबहादुर मोक्तान, वासुदेव तिमल्सिनालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। क्लबको नेपालमा मात्र ८७ वटा शाखा रहेको र दुई हजारभन्दा बढी सदस्य रहेको बताइएको छ। कार्यक्रमको सहजीकरण खड्गप्रसाद उप्रेतीले गरेका थिए।

जापानबाट अस्ट्राजेनिकाको पाँच लाख मात्रा खोप नेपाल आइपुग्यो

काठमाडौं, २३ साउन/रासस

जापान सरकारले नेपाललाई अनुदानमा दिएको कोरोनाविरुद्धको करीब पाँच लाख मात्रा खोप शनिवार काठमाडौं आइपुगेको छ। कोभ्याक्स सुविधा अन्तर्गत पहिलो चरणमा अस्ट्राजेनिकाको पाँच लाख मात्रा खोप नेपाल आइपुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले जानकारी दिए।

जापानले नेपाललाई १६ लाख मात्रा अस्ट्राजेनिकाको खोप दिने बताएको थियो। जापानबाटै भोलि थप तीन लाख खोप नेपाल आउनेछ। जापानले दिने भनेको बाँकी खोप एक साताभित्र नेपाल आउने मन्त्रालयले जनाएको छ।

शुक्रवार भुटानबाट पनि दुई लाख

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

अन्तर्राष्ट्रिय समाचार

अमेरिका र बेलायतद्वारा आफ्ना नागरिकलाई तत्काल अफगानिस्तान छाड्न आग्रह

लन्डन, २२ साउन/एएफपी

अफगानिस्तानबाट अमेरिकी नेतृत्वमा रहेको विदेशी सैनिकको फिर्ता प्रक्रिया बढेपछि तालिबान विद्रोहीले आफ्नो गतिविधिलाई देशभर बढाएको र यसका कारण सुरक्षा अवस्था बिग्रँदै गएको भन्दै संयुक्त राज्य अमेरिका र बेलायतले आफ्ना नागरिकलाई तत्काल अफगानिस्तान छाड्न आग्रह गरेका छन्।

अफगानिस्तानमा सक्रिय तालिबानी समूहका अतिवादीहरू। तस्वीरः सिन्ह्वा

अफगानिस्तानको सुरक्षा अवस्था कमजोर बनेकोले अन्तर्राष्ट्रिय आतङ्कवादी समूहहरूले अफगानिस्तानमा आफ्ना नागरिक लक्षित आक्रमण हुन सक्ने चिन्ता बेलायतको विदेश मन्त्रालयले प्रकट गरेको छ।

काबुलस्थित अमेरिकी राजदूतावासले तत्काल हवाई टिकट खरीद गर्न नसक्ने अवस्थामा रहेका आफ्ना नागरिकलाई ऋण उपलब्ध गराउनेसमेत जानकारी गराएको छ।

अमेरिकाले आफ्ना नागरिकहरूलाई व्यापारिक उडानहरूबाट फर्कन र दूतावासले गर्ने आपत्कालीन उद्धारमा भर नपर्न आग्रह गरेको छ।

स्थानीय अधिकारीहरूका अनुसार तालिबान लडाकूहरूले निम्रोज प्रान्तको राजधानी जारन्जमाथि नियन्त्रण कायम गरेका छन्। त्यसलाई सरकारी फौजका निम्ति ठूलो धक्काको रूपमा हेरिएको छ।

दक्षिण-पश्चिमी अफगानिस्तानको उक्त शहर तालिबान लडाकूहरूको नियन्त्रणमा गएको पहिलो प्रान्तीय राजधानी बनेको छ। तालिबान लडाकू समूहको अबको निशानामा दक्षिणी शहरहरू कान्दहार र लश्कर गह रहेको देखिएको छ।

शुक्रवार ट्वीटरमा एउटा पोस्ट गर्दै तालिबान लडाकूहरूले इरानी सीमासँग जोडिएको एउटा महत्त्वपूर्ण व्यापारिक केन्द्र जारन्जमाथि कब्जा गरेको दाबी गरेका थिए। रासस

अमेरिकामा ५० प्रतिशत नागरिकलाई पूर्ण खोप

वाशिङ्टन, २३ साउन/एएनआई

अमेरिकामा अहिलेसम्म आधा जनसङ्ख्याले मात्रै कोरोना भाइरसविरुद्धको पूर्ण खोप लगाएका छन्।

विश्वकै अतिविकसित, सचेत, सुविधासम्पन्न र शक्तिशाली मानिने मुलुकमा नै अहिलेसम्म ५० प्रतिशतले मात्रै पूर्ण खोप लगाएका छन्।

पछिल्लो एक हप्तामा ११ प्रतिशत मानिसले खोप लगाएको पाइएको छ। दुई हप्ताअगाडि ४४ प्रतिशतले मात्रै पूर्ण खोप लगाएको अधिकारीहरूले जनाएका छन्।

खोप लगाउनेको सङ्ख्या तीव्ररूपमा बढ्दै जाने अपेक्षा गरिएको पनि अधिकारीले बताएका छन्।

अपेक्षितरूपमा धेरै मानिसले खोप नलगाएपछि अमेरिकी सरकारले खोप लगाउन देशवासीलाई पटकपटक विशेष अनुरोध गर्दै आएको छ।

तस्वीरः फाइल

खोप लगाउनेको सङ्ख्या बढाउन अमेरिकी सरकारले विभिन्न प्याकेजसमेत ल्याएको छ। अमेरिकी सरकारले केही दिनअगाडि खोप लगाउनेलाई १०० डलर दिने घोषणासमेत गरेको थियो।

कोरोना भाइरसका विभिन्न भेरियन्टको महामारीका कारण अमेरिकामा अहिलेसम्म तीन करोड ६४ लाखभन्दा बढी सङ्क्रमित भएका छन्। त्यसैगरी, छ लाख ३२ हजार ६४१ जनाको कोरोनाका कारण मृत्यु भएको छ। रासस

आजको राशिफल

मेष	उदरपीडा	वृष	मित्रमिलन
मिथुन	धनखति	कर्कट	सुयश
सिंह	खर्चवृद्धि	कन्या	धनलाभ
तुला	सफलता	वृश्चिक	अस्वस्थता
धनु	रोगभय	मकर	व्यापारवृद्धि
कुम्भ	अलमल	मीन	कार्यनाश

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

Province-2 Topper
PRINCETON MODEL ACADEMY
Brahamchowk, Birgunj-12
ADMISSION OPEN
Gyan Niketan Sec. School
+2 SCIENCE •MANAGEMENT •LAW
www.pma.edu.np princeton.edu.brj@gmail.com princetonbirgunj
Mob:- 9845032540, 9808044099, 9812219069

देउवा सरकारको साझा न्यूनतम कार्यक्रम

सत्ता गठबन्धनले सरकारको साझा न्यूनतम कार्यक्रम सार्वजनिक गरेको छ। गठबन्धन सरकारका एघार बुँदे आचारसंहिता पनि जारी भएको छ। प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले साझा न्यूनतम कार्यक्रममार्फत अगाडि बढ्ने घोषणा गर्नुलाई सकारात्मक मान्नुपर्दछ तर यसको सार्थकता त्यति बेला मात्रै साबित हुन सक्छ, जतिबेला यसको अक्षरशः कार्यान्वयन हुनेछ। गठबन्धन सरकारको आफ्नै बाध्यता हुने गर्दछ तथा प्रत्येक पाइलामा सम्झौतामुखी बन्नुको विकल्प हुँदैन। तथापि वर्तमान सरकारले ओली सरकारको असफलता र कमीकमजोरीबाट केही सिक्न खोजेको छ भने, त्यो नराम्रो होइन। देउवा सरकारका प्राथमिकताहरूको विश्लेषण गर्दा यो धरातलमा उत्रिने सम्भावना कमै देखिन्छ।

स्वतन्त्र विचार

श्रीमन्नारायण

an_shriman@yahoo.com

स्थानीय तहको वर्तमान संरचना अवैज्ञानिक, अव्यावहारिक र अदूरदर्शी छ। स्थानीय तहमा पैसाको खोलो बगाउने काम भएको छ । बजेटको अधिकांश रकम बालुवामा पानी हालेजस्तै खेर गइरहेको छ। फर्निचर जस्तै नगरपालिकाहरूमा जेसिबी, टिपर, डोजर, टचाक्टर खरीद गर्ने काम भएका छन्।

सरकारले निर्धारण गरेका कार्यक्रमहरूको प्राथमिकतामा कोभिड महामारीको सङ्क्रमणबाट उत्पन्न मानवीय सङ्कटको समाधानलाई सकारात्मक लिनुपर्दछ। त्यसैगरी, संविधानको सर्वोच्चता, कानूनी राज र सुशासनको प्रत्याभूतिको विषयलाई पनि महत्त्वपूर्ण नै मान्नुपर्दछ। संविधानको सर्वोच्चता र न्यायपालिका निष्पक्ष रहेन भने बहुदलीय व्यवस्था पनि टिकाउ र फलदायी हुन सक्दैन। नेपालको न्यायपालिकाले आफ्नो निष्पक्षता, सर्वोच्चता तथा जनविश्वासलाई कायम राख्न सफल साबित भएको छ। सङ्घीयता, लोकतन्त्र र गणतन्त्रको संस्थागत विकासका निम्ति संवैधानिक सर्वोच्चतालाई अपरिहार्य मानिन्छ।

देशमा सुशासन कायम गर्न भ्रष्टाचारमाथि रोक लाग्नु आवश्यक छ। आर्थिक कारोबार पारदर्शी भएन र भ्रष्टाचारीमाथि कारबाई भएन भने सुशासन कायम हुन सक्दैन। ओली सरकार अलोकप्रिय र असफल हुनुको एउटा प्रमुख कारण भ्रष्टाचार नियन्त्रण गर्न नसक्नु नै थियो। ओली सरकारले नीतिगत निर्णयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारबाई गर्न नपाउने व्यवस्था कायम गरेर देशमा भ्रष्टाचारलाई बढावा दिएको थियो। ओली सरकारको यस निर्णयलाई तत्काल खारेज गर्नु आवश्यक छ। ओली सरकारको पालामा विवादमा आएका यती, नेपाल ट्रस्ट, ओम्नी, गोकर्ण रिसोर्ट, वाइडबडी, सेक्युरिटी प्रेस खरीदलगायतका सम्पूर्ण काण्डमा अनुसन्धान गर्न नपाउने व्यवस्था खारेज गरेर यसको अनुसन्धानको कानूनी अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रदान गरिनुपर्दछ। अख्तियारको कामलाई केवल वडा, नगर र जिल्लासम्मका जनप्रतिनिधि र तल्लोस्तरका कर्मचारीमा मात्रै सीमित राख्नुहुँदैन। अहिले पनि दर्जनौं यस्ता बहालवाला र पूर्वसांसद एवं पूर्वमन्त्रीहरू छन्, जसमाथि भ्रष्टाचारको आरोप छ तर सरकारको अनुमतिविना तिनीहरूमाथि कारबाई हुन सकिरहेको छैन। यसको निम्ति मन्त्रिपरिषद्बाटै निर्णय हुनुपर्दछ। नीतिगत निर्णयमा अख्तियारले छानबिन गर्न नपाउने व्यवस्थाले नै मन्त्रालयबाट भ्रष्टाचार हुने गरेको छ। ओली सरकार असफल र अलोकप्रिय हुनुको सबैभन्दा ठूलो कारण यो नै थियो। भ्रष्टाचार भनेको मधुमेह रोगले शरीरलाई आन्तरिकरूपमा कमजोर बनाए जस्तै हो। जुन देशमा भ्रष्टाचारले महत्त्व पाउँछ, त्यस देशले प्रगति गर्न सक्दैन। वर्तमान सरकारले केवल अख्तियारलाई स्वतन्त्ररूपमा काम गर्न दिए तथा यसको खोसिएका अधिकार पुनः प्रदान गरेमा मात्र पनि सरकार नेपाली जनतामा लोकप्रिय हुन समय लाग्नेछैन।

शान्ति प्रक्रियालाई पूर्णता दिन विस्तृत शान्ति सम्झौताको बाँकी कार्यभार तथा विभिन्न पक्षासँग भएका सहमतिहरूको कार्यान्वयनमा ध्यान केन्द्रित गर्ने भने सरकारको प्राथमिकतालाई पनि देशको अनिवार्य आवश्यकतामध्येको एक महत्त्वपूर्ण विषय मान्नुपर्दछ। अहिले पनि पहाडी क्षेत्रमा नेत्रविक्रम चन्द, सुदूरपश्चिममा थारू, मध्यतराईका केही असन्तुष्ट समूह र पूर्वी पहाडका केही जनजाति समूहको गुनासो देखिन्छ। देशमा स्थायी शान्तिको बहाली गर्न प्रत्येक असन्तोष एवं विद्रोहको स्वरलाई संवैधानिक माध्यमबाट सम्बोधन गर्नु उचित हुनेछ। देशको भौगोलिक अखण्डता, एकताको सम्मान गर्दै संविधानको परिधिभित्र रहेर समाधान गर्न सकिने समस्याहरूको तत्काल पहिचान गरी यसको सम्बोधन हुनु आवश्यक छ।

राजनीतिक दलहरूबीच सहमतिमा संविधान संशोधनका लागि पहल गर्ने सरकारको मनसायलाई पनि प्रशंसनीय नै मान्नुपर्दछ। विगत चार वर्षमा संविधानको अभ्यासका क्रममा कतिपय अवस्थामा संविधान संशोधनको आवश्यकता महसूस भएको हो। वर्तमान संविधानका केही धाराका प्रावधान हतारहतारमा ल्याइएका कारण अनावश्यकरूपमा समस्या उत्पन्न भइरहेका छन्। संविधानको धारा ७६ (५) पनि संसदीय बहुदलीय व्यवस्थाको मूल्य, मान्यता, परम्परा र विश्वव्यापी अभ्यासको विपरीत नै रहेको छ। मधेसी दलहरूको संविधान संशोधनको मागमध्ये केही त आफैं औचित्यहीन हुन पुगेका छन् भने केही मागको सम्बोधन भएमा सङ्घीयता र गणतन्त्र पनि बलियो हुनेछ। जनतालाई जति बढी अधिकार दिइन्छ, लोकतन्त्र त्यति नै बलियो हुने गर्दछ। मधेसी, थारू, दलितलगायतकाहरूको कतिपय मागलाई सम्बोधन गर्न संविधान संशोधन आवश्यक छ।

प्रदेश र स्थानीय तहका सरकारको सबलीकरण र विचाराधीन विधेयक संसद्मा प्रस्तुत गर्ने कार्यक्रम पनि सरकारले बनाएको छ। स्थानीय तहको वर्तमान संरचना अवैज्ञानिक, अव्यावहारिक र अदूरदर्शी छ। स्थानीय तहमा पैसाको खोलो बगाउने काम भएको छ। बजेटको अधिकांश रकम बालुवामा पानी हालेजस्तै खेर गइरहेको छ। फर्निचर जस्तै नगरपालिकाहरूमा जेसिबी, टिपर, डोजर, टचाक्टर खरीद गर्ने काम भएको छन्। अधिकांश स्थानीय तहमा ठेकेदार पृष्ठभूमिका व्यक्तिले नै चुनाव जितेका कारण स्वाभाविकरूपमा तिनको प्राथमिकतामा यस्ता विषय पर्ने भए नै, जबकि नगरपालिकाको प्रमुखको काम त नगरको सफाइ हुनुपर्ने हो। शिक्षा, स्वास्थ्य, रोजगार, समाज कल्याण र संस्कृति विकासको क्षेत्रमा कहींकतै सन्तोषजनक काम भएको छैन। स्थानीय तहलाई प्रादेशिक सरकारको सौताको रूपमा उभ्याउने काम भएको छ। स्थानीय तहले सोझै काठमाडौंसित सम्बन्ध राख्नु सङ्घीयताको अपमान हो। सङ्घीयतालाई बलियो बनाउन स्थानीय तहको वर्तमान संरचनालाई खारेज गरी पुरानै संरचनालाई व्यवहारमा ल्याइनुपर्दछ। तत्काल स्थानीय तहमा भइरहेका अनियमिततालाई कम गर्न प्रमुख जिल्ला अधिकारीलाई अख्तियारसम्बन्धी पुरानै अधिकार प्रदान गरिनु तथा प्रादेशिक सरकारको आर्थिक गतिविधिको अनुगमन गर्न पनि अधिकारसम्पन्न अधिकारीको नियुक्ति आवश्यक छ।

प्रादेशिक सरकारको आर्थिक कारोबारको अनुगमन गर्ने ठोस एवं प्रभावकारी निकाय अस्तित्वमा आउनु आवश्यक छ। प्रादेशिक सरकारहरूलाई काम गर्ने पूरा अधिकार दिइनुपर्दछ तर त्यसको कामकाजको प्रभावकारी अनुगमन पनि भइरहनुपर्दछ।

सामाजिक-आर्थिक रूपान्तरणको आधार निर्माण गर्दै उच्च आर्थिक विकासमा जोड दिने सरकारको उद्घोषलाई सबै सरकारको प्राथमिकतामा पर्ने कर्मकाण्डी विषय नै मान्नुपर्दछ। बढीभन्दा बढी १६ महीना मात्र आयु भएको गठबन्धन सरकारले उच्च आर्थिक विकासको कुरा गर्नु अपत्यारिलो हो। उत्पादनमुखी अर्थतन्त्रमा जोड, आपूर्ति व्यवस्थापनमा सुधार, महँगी नियन्त्रण र भ्रष्टाचारको छानबिन र कारबाईका लागि अग्रसरता लिने विषय पनि माथिको परिभाषाभित्र नै आउँछन्। कोभिडका कारण सङ्कटग्रस्त उद्योगधन्दा, पर्यटन, व्यवसाय, सञ्चार, यातायात, पार्टी प्यालेस, सिनेमा तथा मनोरञ्जन उद्योगलगायतका क्षेत्रहरू तथा श्रमजीवी, विपन्न, बेरोजगारीलगायतलाई विशेष आर्थिक प्याकेजको व्यवस्था गर्ने सरकारको घोषणालाई ‘राधाको नौ मन तेल’सित तुलना गर्नुपर्ने हुन्छ किनभने हाम्रो अर्थतन्त्रले भरसक यसको अनुमति नदेला कि ? बाढी, पहिरो तथा डुबानमा परेका जनताको उद्धार, राहत तथा पुनर्निर्माणमा जोड दिने तथा आपसी संवाद, सहमति र सहकार्य संस्कृतिको विकास गर्ने र राष्ट्रिय एकता सुदृढ गर्ने सरकारको कार्यक्रम पनि प्रत्येक सरकारले घोषणा गर्ने निरन्तरताकै उपज हो।

जनताको समृद्धिका लागि राष्ट्रिय हितमा आधारित परराष्ट्रनीति अवलम्बन गर्ने भने सरकारको कार्यक्रमले निकै महत्त्व राख्दछ। ओली सरकारको साढे तीन वर्षको कार्यकालमा नेपालको परराष्ट्रनीति दिशाहीन र गन्तव्यहीन अवस्थामा थियो। देउवा सरकारले नेपालको हितलाई ध्यानमा राखी भारत, चीन, अमेरिका र युरोपेली राष्ट्रसित सम्बन्ध विकसित गर्ने अपेक्षा गर्न सकिन्छ। एमसिसीको विषयलाई पुनः चर्चामा ल्याउने काम भइरहेको छ। सरकारका मन्त्रीहरूका निम्ति पनि १४ बुँदे आचारसंहिता बनाइएको छ तर गठबन्धन सरकारका मन्त्रीहरू त स्वयम् नै आफूलाई स्वतन्त्र अस्तित्वको बाइसे-चौबीसे राजाझैं ठान्दछन्। अल्पमतमा रहेको सरकारका प्रधानमन्त्रीले मन्त्रीमाथि कठोर अनुशासन कायम गर्ने विषयले शङ्का उत्पन्न गराउँछ। तथापि सरकारको साझा न्यूनतम कार्यक्रम सराहनीय छ।

जापानबाट अस्ट्राजेनिका....

३० हजार मात्रा कोभिशिल्ड खोप प्राप्त भएको थियो। जापानबाट प्राप्त खोप यसअघि कोभिशिल्डको पहिलो मात्रा लगाएका नागरिकलाई दिइनेछ। नेपालले खरीद गरेको खोप भारतले उपलब्ध नगराउँदा कोभिशिल्ड खोप लगाएका १४ लाख ५० हजार व्यक्तिले दोस्रो मात्रा लगाउन पाएका छैनन्।

जापान र भुटानबाट आएको खोप कोभिशिल्डको दोस्रो मात्रा नपाएका नागरिकलाई लगाइने मन्त्रालयले जनाएको छ। हालसम्म खरीद र अनुदान गरेर करीब एक करोड मात्रा खोप नेपाल आइपुगेको छ। नेपालले ६० लाख मात्रा खोप खरीद गरेको छ। चीनबाट ४० लाख भेरोसिल र भारतबाट २० लाख कोभिशिल्ड खोप खरीद गरेको छ। भारतबाट खरीद गरिएकामध्ये १० लाख मात्रा खोप अझैसम्म आपूर्ति भएको छैन।

यसैगरी, भारतबाट अनुदानमा ११ लाख कोभिशिल्ड (नेपाली सेनासहित) प्राप्त भएको छ। चीनबाट १८ लाख मात्रा भेरोसिल खोप अनुदानमा प्राप्त भएको छ। यस्तै, गाभीबाट तीन लाख ४८ हजार कोभिशिल्ड र अमेरिकाबाट १५ लाख ३४ हजार जे एन्ड जे खोप अनुदानमा प्राप्त भएको मन्त्रालयले जनाएको छ।

खोपको नियमित आपूर्ति हुन थालेपछि सरकारले खोप केन्द्र पनि थप गरेको छ। खोप केन्द्रमा भीडभाड देखिएको र खोप लगाउनेबाटै सङ्क्रमण फैलन सक्ने देखिएपछि सरकारले एक हजार ४३३ खोप केन्द्र थप गरेको हो। पहिले दुई हजार ९८९ खोप केन्द्र भएकामा अहिले त्यो सङ्ख्या चार हजार ४२२ पुऱ्याइएको छ। काठमाडौं उपत्यकामा ८३ खोप केन्द्र थप गरी १४९ पुऱ्याइएको छ। उपत्यकामा पहिले ६६ खोप केन्द्र थिए।

सरकारले आगामी असोज मसान्तभित्र एक तिहाइ नागरिकलाई कोरोनाविरुद्धको खोप लगाउने लक्ष्य लिएको छ। यस्तै, आगामी चैत मसान्तभित्र खोप लगाउने उमेर समूहका सबै नागरिकलाई पूर्ण खोप लगाउने लक्ष्यका साथ सरकार अघि बढेको छ। २०७७ माघ १४ गतेदेखि नेपालमा कोरोना भाइरसविरुद्धको खोप लगाउन शुरू गरिएको थियो। अहिलेसम्म नेपालमा ४४ लाख तीन हजार २१ व्यक्तिले पहिलो मात्रा र २२ लाख आठ हजार ५५ जनाले पूर्ण मात्रामा खोप लगाइसकेका छन्।

पाँचजना महिलासहित १३६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २३ साउन/

युवा वचन संस्थाले वीरगंज महानगरपालिका-१० आदर्शनगरमा आयोजना गरेको रक्तदान कार्यक्रममा पाँचजना महिलासहित १३६ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए।

रेखा साह, लक्ष्मी गौतम, अर्चना चौधरी, मुस्कान साबु, सुस्मिता गुप्ता, डेभिड थापा, अजय पौडेल, अजय पटेल, गणेश साह, रवि शाह, आदित्य ठाकुर, सिकेन्द्र यादव, दिनेश कुशवाहा, सिन्धु पटेल, अमित सर्राफ, मुकेश खेतान, मोहमद हमिदलगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेयले बताए।

तस्वीरः प्रतीक

रक्तदान कार्यक्रमको उद्घाटन नगरप्रमुख विजयकुमार सरावगीले गरेका थिए भने उद्घाटन समारोहमा प्रजिअ पीताम्बर घिमिरे, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, रेडक्रस पर्साकी उपाध्यक्ष मधु राणा, ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतान, सामाजिक कार्यकर्ता प्रकाश थारू, ओमप्रकाश सर्राफ, राजन श्रीवास्तवलगायतको सहभागिता थियो।

लालखोलामा निर्मित झोलुङ्गे पुल उद्घाटन

प्रस, निजगढ, २३ साउन/

निजगढ नगरपालिका-१० लालखोलामा निर्माण सम्पन्न भएको झोलुङ्गे पुलको उद्घाटन शनिवार भएको छ।

निजगढ नगरपालिकाका प्रमुख सुरेशकुमार खनालले अटोमा सवार भई पुलको उद्घाटन गरेका थिए। यसअघि बनेका अधिकांश झोलुङ्गे पुल साँघुरो भई वर्षाायाममा साना सवारीसाधनको आवतजावतमा समस्या हुने गरेको तर यो झोलुङ्गे पुलमा अटो, मोटरसाइकल आवतजावत गर्न मिल्ने गरी निर्माण गरिएको नगरप्रमुख खनालले बताए।

झोलुङ्गे पुल सञ्चालनपछि वर्षायाममा खोला तरेर आवतजावत गर्नुपर्ने समस्या अब टरेको उनले बताए। उनले नगरभित्रका विभिन्न खोलामा पुल निर्माण गर्ने सोच भएपनि नगरपालिकाको बजेटले सो कार्य सम्भव नहुँदा केन्द्र र प्रदेश सरकारसँग पहल गर्दै आएको बताए।

वडाध्यक्ष पद्मबहादुर मोक्तानले झोलुङ्गे पुलको निर्माणपछि लाल टोलका बासिन्दालाई ठूलो राहत मिलेको र उनीहरूमा खुशियाली छाएको दाबी गरे।

झोलुङ्गे पुलको उद्घाटन गर्दै नगरप्रमुख खनाल। तस्वीरः प्रतीक

११९ मिटर लम्बाइ र डेढ मिटर चौडाइ रहेको पुल निर्माण गर्न रु १ करोड १६ लाख खर्च भएको बताइएको छ।

टिविएसयू हेल्भेटास बर्दिबास महोत्तरीको आर्थिक सहयोग र आदर्श जनसेवा युवा क्लब वीरगंज पर्साको समन्वय र निजगढ नगरपालिकाको समन्वयकारी भूमिकामा सो पुल निर्माण भएको लालखोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष हीराबहादुर मोक्तानले बताए।

कार्यक्रममा जनप्रतिनिधि अमिर सिङ्तान, सरिता रिमाल, मखनी विक, जमानसिंह घलान, समाजसेवी पेमासिद्धि लामा, कुमार मोक्तान, भाइकाजी श्रेष्ठ, रेशम लामा, वडासचिव भगवती रिमाल लगायतको सहभागिता थियो। कार्यक्रमको सञ्चालन जनक पौडेलले गरेका थिए।

शङ्कराचार्यद्वारवरिपरि सरसफाइ

प्रस, परवानीपुर, २३ साउन/

तस्वीरः सौजन्य

भोलेन्टियर समूह वीरगंजले नेपालको मुख्य प्रवेशद्वार शङ्कराचार्य आसपासमा सरसफाइ गरेको छ। प्रत्येक शनिवार मुलुकको प्रवेशद्वारलाई आकर्षक बनाउन करीब ७ महीनादेखि नियमित सरसफाइ हुँदै आएको छ।

प्रहरी-समुदाय साझेदारी कार्यक्रम अन्तर्गत सो द्वारको सरसफाइ शुरू गरेको हो। मुख्य प्रवेशद्वार शङ्कराचार्य र त्यसवरिपरिका क्षेत्रको सफाइ गरिएको भोलेन्टियर समूह वीरगंजका संयोजक राजन श्रीवास्तवले बताए।

कोभिड-१९ को पहिलो प्रभाव शुरू हुनुअगावै शुरू गरिएको सरसफाइ कार्यक्रम सङ्क्रमण बढ्न थालेपछि २६औं हप्तामा फेरि सञ्चालन गर्नेगरी समापन गरिएको संयोजक श्रीवास्तवले बताए।

भोलेन्टियर समूहले शङ्कराचार्यद्वारको सरसफाइलाई निरन्तरता दिएपछि सो क्षेत्र पहिलेभन्दा सफा देख्न थालिएको थियो। तर सङ्क्रमणले गर्दा अभियान रोकिएपछि समस्या उस्तै देखिएकोले अभियान पुनः सञ्चालन गरेको समूहका विनय गुप्ताले बताए। नगरप्रमुख विजयकुमार सरावगीको प्रमुख आतिथ्यमा भएको सरसफाइ कार्यक्रममा प्रजिअ पीताम्बर घिमिरे, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, अनुसन्धान उपरीक्षक टीका पौडेल, प्रकाश खेतान, दिलीपराज कार्की, समूहका अनिल हजरा, आकाश सर्राफलगायतको सहभागिता थियो।

एसइईको नतीजा सार्वजनिक

भक्तपुर, २३ साउन/रासस

राष्ट्रिय परीक्षा बोर्डले २०७७ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतीजा शनिवार सार्वजनिक गरेको छ। बोर्डको आज बसेको बैठकले चार लाख ८४ हजार २७८ विद्यार्थीको नतीजा सार्वजनिक गरेको परीक्षा नियन्त्रक रुद्रप्रसाद अधिकारीले जानकारी दिए।

नतीजा सार्वजनिक गर्दा बोर्डले यस वर्ष पनि कति विद्यार्थीले कुन जिपिए पाए भन्ने विवरण भने सार्वजनिक गरेको छैन। नतीजा सार्वजनिक गर्दै परीक्षा नियन्त्रक अधिकारीले भने, "यस वर्ष बोर्डले कति विद्यार्थीले कुन जिपिए ल्याए भने छुट्याएनौं, जिल्लाबाट प्रमाणीकरण भएर आएको मूल्याङ्कनको नतीजालाई नै बोर्डले प्रमाणीकरण गरेको छ।"

विद्यार्थी अध्ययन गरेकै विद्यालयले गरेको मूल्याङ्कन सङ्कलन गरी बोर्डले प्रमाणित गरेर नतीजा प्रकाशन गरेको हो। कोरोना भाइरस सङ्क्रमण बढेपछि यस वर्ष विद्यार्थीको भौतिकरूपमा परीक्षा सञ्चालन नगरी विद्यालयको आन्तरिक मूल्याङ्कनका आधारमा एसइईको नतीजा सार्वजनिक गरेको हो।

नतीजा प्रकाशन भएपछि विद्यार्थीलाई पुनर्योग गराउने, उत्तरपुस्तिका हेर्ने, पुनः परीक्षण गराउने र पूरक ग्रेडवृद्धि परीक्षा सञ्चालन भने नहुने भएको छ। बोर्डले व्यक्तिगत विवरणमा त्रुटि भएकाको हकमा भने ३५ दिनभित्र जिल्लास्थित शिक्षा तथा समन्वय एकाइमा निवेदन दिनुपर्ने व्यवस्था गरेको छ।

मितेरी पुल कालोपत्र गर्न शुरू

प्रस, परवानीपुर, २३ साउन/

नेपाल-भारत नाकामा अवस्थित मितेरी पुल कालोपत्र गर्ने योजना शुरू भएको छ।

भारतीय पक्षले १०६ मिटर लम्बाइको पुलको आधा भूभाग ५३ मिटर कालेपत्र गर्ने कार्य शुक्रवार राति ९ बजेपछि शुरू गरेको छ। पथ निर्माण विभाग, भारतको निर्देशनमा पुलका खाल्डाखुल्डीलाई ग्रेडरले बराबर गर्ने कार्य भइरहेको र त्यसपछि डिबिएसटी गर्ने कार्य सम्पन्न हुने विभागका इन्जिनीयर मृत्युञ्जय कुमारले बताए।

एक साताभित्रै कालोपत्र गरेर पुल चिटिक्क पार्ने लक्ष्य रहेको छ। पुलको आधा भाग पनि कालोपत्र भएपछि पुलमा दैनिक हुने सवारी दुर्घटना र यात्रुलाई हुने कठिनाइबाट मुक्ति मिल्नेछ। पुल कालोपत्र भइरहेको कार्यलाई नेपाल-भारत पक्षका सरोकारवालाहरूले शनिवार अवलोकन गरी भारतीय सरकारी निकाय पथ निर्माण विभागका कर्मचारीलाई राम्रोसँग गर्न आग्रह गरेका छन्।

मितेरी पुलको मर्मत कार्य हुँदै।

नगरप्रमुखद्वारा विद्यालय उद्घाटन

प्रस, वीरगंज, २३ साउन/

तस्वीरः सौजन्य
श्री विजय कुमार सरावगी ज्यूबाट

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले माईस्थान विद्यापीठ माध्यमिक विद्यालयको नवनिर्मित भवनको शनिवार उद्घाटन गरेका छन्।

महानगरस्तरीय बजेटबाट निर्माण भएको नवनिर्मित चारकोठे भवनको आज उद्घाटन गर्दै उनले विद्यालय भवनमा अर्को अधूरो रहेको तीन कोठे भवनको पनि तत्काल निर्माण गर्न प्रतिबद्धता जाहेर गरे।

नवनिर्मित भवन रु ३६ लाख लागतमा बनेको हो।

जग्गादाता परिवारका रवि टिबडेवालको अध्यक्षतामा भएको कार्यक्रममा विद्यार्थीहरूलाई छात्रवृत्तिसमेत वितरण गरिएको थियो।

पाँचवटा अवैध घरेलु मदिराभट्टी नष्ट

प्रस, रौतहट, २३ साउन/

जिल्ला प्रहरी कार्यालय रौतहटले गौर नगरपालिका-६ सबगढामा सञ्चालित पाँचवटा अवैध घरेलु मदिराभट्टी नष्ट गरेको छ।

जिप्रका रौतहट र अस्थायी प्रहरी पोस्ट बसपार्कको टोलीले पाँचवटा घरेलु मदिरा उत्पादन गर्ने भट्टी नष्ट गरेको बताइएको छ। कच्चा मदिरा पाँच सय लिटर र तयारी मदिरा २० लिटरसहित घरेलु मदिरा उत्पादन हुने मेशिन र अन्य सामान नष्ट गरिएको जिप्रका रौतहटले जनाएको छ।

लाल आधारभूत स्वास्थ्य सेवा केन्द्रको उद्घाटन

प्रस, निजगढ, २३ साउन/

तस्विर : जीतलाल
लाल आधारभूत स्वास्थ्य सेवा केन्द्र
उद्घाटन कार्यक्रम
मिति : २०७८/04/२३ गते

निजगढ नगरपालिका-१० लालमा लाल आधारभूत स्वास्थ्य सेवा केन्द्रको शनिवार उद्घाटन भएको छ।

नगरप्रमुख सुरेशकुमार खनालले उदघाट्न गर्दै निजगढ स्वास्थ्य सेवाको क्षेत्रमा निकै अघि बढेको दाबी गरे। उनले सरकारको नीति अनुसार सबै वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र विस्तार गर्ने क्रमले गति लिइरहेको बताए। सेवा केन्द्रलाई निजगढ नपाको तर्फबाट उपलब्ध गराउनुपर्ने कुनै पनि सेवासुविधाबाट वञ्चित नगरिने भन्दै सरकारले ७२ थरीका औषधि निश्शुल्क उपलब्ध गराउँदै आइरहे पनि नगरपालिकाले थप ३३ थरीका औषधि खरीद गरी सेवाग्राहीलाई १०५ थरीका औषधि निश्शुल्क प्रदान गर्दै आइरहेको उनले बताए।

स्थानीय मञ्जु पौडेलको १० धुर र हीराबहादुर मोक्तानको ५ धुर गरी १५ धुर जग्गामा रु २० लाख १० हजारको लागतमा दुईवटा शौचालयसहित ४ कोठे पक्की भवन निर्माण भएको हो। स्वास्थ्य सेवा केन्द्रमा एकजना स्वास्थ्य सहायक, एकजना स्टाफ नर्स र एकजना कार्यालय सहयोगी गरी तीनजना खट्ने निजगढ नगर स्वास्थ्य शाखा प्रमुख रमेश लामाले बताए।

कार्यक्रममा वडाध्यक्ष पद्मबहादुर मोक्तानले सामान्य रुघाखोकी र ज्वरोमा वडावासी अन्यत्र धाउनुपर्ने समस्याको अन्त्य भएको बताए। जग्गादाताका छोरा जनक पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा चन्दा लामाले स्वागत र अर्का जग्गादाता हीराबहादुर मोक्तानले कार्यक्रम सञ्चालन गरेका थिए।

Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।